# अनुसूची - २

( दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित )


भीरकोट राजपत्र

भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड ४ संख्या ३ मितिः २०७८/०३/१३

भाग-१

भीरकोट नगरपालिका


## भीरकोट नगरपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरूको बढुवा/स्तरवृद्धि गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८

प्रमाणीकरण मितिः २०७८।३।१३

सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरूको समायोजन भई भीरकोट नगरपालिकामा कामकाज गर्न खटाइए पश्चात साविकको स्थानीय निकाय र घरेलु तथा साना उद्योग विकास समितिको सेवामा प्रवेश गरी हालसम्म स्थायी रूपमा कार्यरत रहेका कर्मचारीहरूले समायोजन हुँदाको बखत कुनै सुविधा प्राप्त नगरेको हुँदा स्थानीय सेवाका स्थायी कर्मचारीहरूको वृत्ति विकास अवरूद्ध भएकोले साविकमा स्थानीय निकाय तथा घरेलु तथा साना उद्योग विकास समितिबाट भीरकोट नगरपालिकामा सरूवा, समायोजन तथा पदस्थापन भएका त्यस्ता कर्मचारीहरूको बढुवा/स्तरवृद्धि सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम भीरकोट नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"भीरकोट नगरपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरूको बढुवा/स्तरवृद्धि गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको ऐन, २०७८"** रहेको छ ।

(२) यो ऐन नगर प्रमुखले प्रमाणीकरण गरे पश्चात तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

क) **"ऐन"** भन्नाले "भीरकोट नगरपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरूको बढुवा/स्तरवृद्धि गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको ऐन, २०७८" लाई सम्झनु पर्छ ।

ख) **"कर्मचारी"** भन्नाले साविकका स्थानीय निकायको रूपमा रहेका जिल्ला विकास समिति र गाउँ विकास समिति तथा साविकको घरेलु तथा साना उद्योग विकास समितिमा कार्यरत रही समायोजन हुँदा बढुवा/स्तरवृद्धि बिना भीरकोट नगरपालिकामा समायोजन भएका र यो ऐन जारी हुँदाका बखत स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्दछ ।

ग) **"कार्यपालिका"** भन्नाले भीरकोट नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

घ) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन र नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको विषयलाई सम्झनुपर्छ ।

ङ) **"नगर सभा"** भन्नाले भीरकोट नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

छ) **"स्थानीय सेवा"** भन्नाले साविकका स्थानीय निकाय र विकास समितिबाट स्थायी नियुक्ति पाई समायोजन पश्चात नगरपालिकामा कार्यरत स्थायी कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

ज) **"नगरपालिका"** भन्नाले भीरकोट नगरपालिकालाई सम्झनुपर्छ ।

झ) **"स्थानीय कानून"** भन्नाले भीरकोट नगरपालिकाबाट जारी भएका कानूनलाई सम्झनुपर्छ ।

ञ) **"स्थानीय निकाय"** भन्नाले साविकका जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिलाई सम्झनुपर्छ ।

ट) **"विकास समिति"** भन्नाले साविकको घरेलु तथा साना उद्योग विकास समितिलाई सम्झनुपर्छ ।

३. **बढुवा/स्तरवृद्धिको लागि आवश्यक न्यूनतम सेवा अवधी र शैक्षिक योग्यताः** (१) यस ऐन बमोजिम हुने बढुवा/स्तरवृद्धिको लागि देहाय बमोजिमको सेवा अवधी पुरा भएको र शैक्षिक योग्यता हाँसिल गरेको हुनुपर्नेछ ।

| हालको पद | बढुवा/स्तरवृद्धिको लागि आवश्यक न्यूनतम सेवा अवधी र शैक्षिक योग्यता | बढुवा/स्तरवृद्धि पश्चात कायम हुने पद | कैफियत |
|---|---|---|---|
| सहायक तृतीय | हालको पदमा कम्तीमा ५ वर्ष सेवा अवधी पुरा भएको र कम्तीमा एस.एल.सी. उत्तीर्ण गरेको | सहायक चौथो | |
| सहायक चौथो | हालको पदमा कम्तीमा ५ वर्ष सेवा अवधी पुरा भएको र कम्तीमा एस.एल.सी. उत्तीर्ण गरेको | सहायक पाँचौं | |
| सहायक पाँचौं | हालको पदमा कम्तीमा ५ वर्ष सेवा अवधी पुरा | अधिकृत छैटौं | |

| | | | |
|---|---|---|---|
| | भएको र कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरेको | | |
| अधिकृत छैटौं | हालको पदमा कम्तीमा ५ वर्ष सेवा अवधी पुरा भएको र कम्तीमा स्नातक तह उत्तीर्ण गरेको | अधिकृत सातौं | |
| अधिकृत सातौं | हालको पदमा कम्तीमा ५ वर्ष सेवा अवधी पुरा भएको र कम्तीमा स्नातक तह उत्तीर्ण गरेको | अधिकृत आठौं | |

४. **कर्मचारी बढुवा/स्तरवृद्धि गर्नेः** (१) साविकमा स्थानीय निकाय र विकास समितिमा स्थायी रूपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकाय र विकास समितिमा नियुक्त भई नगरपालिकामा सरूवा, समायोजन तथा पदस्थापन भएका र समायोजन हुँदाका बखत बढुवा/स्तरवृद्धि नभएका यो ऐन जारी हुँदाका बखत नगरपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीको बढुवा/स्तरवृद्धि गरिनेछ ।

(२) दफा ३ बमोजिमको सेवा अवधी पुरा भएका र शैक्षिक योग्यता हाँसिल गरेका नगरपालिकामा कार्यरत स्थानीय सेवाका स्थायी कर्मचारीहरूको बढुवा/स्तरवृद्धि देहाय बमोजिम हुनेछ ।

| **हालको तह** | **बढुवा/स्तरवृद्धि पश्चात कायम हुने तह** | **बढुवा/स्तरवृद्धि पश्चात कायम हुने पद नाम** | **कैफियत** |
|---|---|---|---|
| सहायकस्तर तृतीय | सहायकस्तर चौथो | सहायक चौथो | |
| सहायकस्तर चौथो | सहायकस्तर पाँचौं | सहायक पाँचौं | |
| सहायकस्तर पाँचौं | अधिकृतस्तर छैटौं | अधिकृत छैटौं | |
| अधिकृतस्तर छैटौं | अधिकृतस्तर सातौं | अधिकृत सातौं | |
| अधिकृतस्तर सातौं | अधिकृतस्तर आठौं | अधिकृत आठौं | |

(३) उपदफा (२) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समूह जनाई पदनाम कायम हुनेछ ।

(४) यस दफा बमोजिम नगरपालिकामा स्थानीय सेवामा कार्यरत कर्मचारी बढुवा/स्तरवृद्धि गर्दा कायम हुने तलब निजले साविकमा खाइपाई आएको तलबभन्दा कम हुने भएमा ग्रेड थप गरी तलब मिलान गरिनेछ ।

(५) उपदफा (१) बमोजिम बढुवा/स्तरवृद्धि हुने कर्मचारीहरूले बढुवा/स्तरवृद्धि कायम हुने तहका निम्ती तोकिएको तलबमान र सुविधाहरू प्राप्त गर्नेछन् ।

(६) उपदफा (२) बमोजिमको बढुवा/स्तरवृद्धि सम्बन्धी प्रावधान एक पटकका लागि मात्र लागु हुनेछ।

(७) उपदफा (२) बमोजिमको बढुवा/स्तरवृद्धि गर्ने कार्य यो ऐन प्रमाणीकरण भएको मितिले ३ महिनाभित्र सम्पन्न गरिसक्नुपर्नेछ ।

५. **बढुवा/स्तरवृद्धि पत्र दिनेः** (१) यस ऐन बमोजिम बढुवा/स्तरवृद्धि हुने नगरपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरूलाई प्रमुख प्रशासकीय अधिकृतले बढुवा/स्तरवृद्धि भएको पत्र दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने बढुवा/स्तरवृद्धि पत्र अनुसूची-१ बमोजिम हुनेछ ।

६. **पदस्थापन गरिनेः** (१) दफा ४ बमोजिम बढुवा/स्तरवृद्धि भएका नगरपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरूलाई बढुवा/स्तरवृद्धि पश्चात पदस्थापन गर्नु अघि स्वतः पुल दरबन्दीमा कायम भएको मानिनेछ । यसरी बढुवा/स्तरवृद्धि भई पुल दरवन्दीमा कायम भएका कर्मचारीहरूलाई पदस्थापन गर्नु पूर्व गरिआएको कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

(२) नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गराई पुल दरबन्दीमा रहेका कर्मचारीहरूलाई उपयुक्त समूह तथा उप समूहमा पदस्थापन गर्नेछ ।

७. **बढुवा/स्तरवृद्धि भएका कर्मचारीको सेवा सुविधाः** (१) यस ऐन बमोजिम बढुवा/स्तरवृद्धि भएका स्थानीय सेवाका कर्मचारीहरूको तलब तथा अन्य सुविधा प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

८. **जेष्ठताको गणनाः** (१) यस ऐन बमोजिम बढुवा/स्तरवृद्धि हुने कर्मचारीको जेष्ठता बढुवा/स्तरवृद्धि भएको मितिदेखि गणना गरिनेछ ।

९. **नियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

अनुसूची-१

दफा ४ को उपदफा (२) संग सम्बन्धित

# भीरकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बयरघारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

प.स.: मिति...........................

च.नं.:

**बढुवा/स्तरवृद्धि पत्र**

श्री...........................

बिषयः <u>बढुवा/स्तरवृद्धि गरिएको सम्बन्धमा ।</u>

"“भीरकोट नगरपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरूको बढुवा/स्तरवृद्धि गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८” बमोजिम मिति...................... देखि लागु हुने गरी तपाईंलाइ देहायबमोजिमको पद तथा तहमा पुल दरबन्दीमा रहने गरी बढुवा/स्तरवृद्धि गरिएको छ ।

आफुलाई तोकिएको जिम्वेवारी प्रचलित कानूनको अधिनमा रही इमान्दारितापूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

**बढुवा/स्तरवृद्धि हुनु भएकोमा हार्दिक बधाई छ ।**

**तपसिलः**

| हाल कार्यरत रहेको पदको विवरण | बढुवा/स्तरवृद्धि गरिएको पदको विवरण |
|---|---|
| पदः- | पदः- |
| तहः- | तहः- |
| सेवाः- | सेवाः- |
| समुहः- | समुहः- |
| उप समुहः- | उप समुहः- |
| नियुक्ति मितिः- | समायोजन कार्यालयः- |
| नियुक्ति कार्यालयः- | |

..............................

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा, कास्की ।

श्री लोकसेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं ।

श्री राष्ट्रिय किताबखाना, हरिहरभवन, ललितपुर ।

श्री कर्मचारी संञ्चय कोष, ठमेल ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौ ।

श्री आर्थिक प्रशासन शाखा, भीरकोट नगरपालिका ।

आज्ञले,

खुमलाल भुसाल

प्रमुख प्रशासकीय अधिकृत